राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal

# लघु चलचित्र प्रतियोगिताको समायावधी संशोधन गरिएको सूचना

## सूचना प्रकाशित मिति २०८१-०८-१९

अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको (डिसेम्बर १०, २०२४) अवसरमा आयोजना गरिएको मानव अधिकार लघु चलचित्र प्रतियोगिताको समायावधी प्राविधिक कारणले संशोधन गर्ने निर्णय गरिएको छ । आयोगबाट स्वीकृत भएका लघुचलचित्रको Like, Share and Views को संख्या तथा प्रमाण सहित आयोगमा मिति २०८२ बैशाख १ गते भित्र पेश गरिसक्नु पर्ने छ । तोकिएको मिति भित्र पेश भएका लघुचलचित्रको Like, Share and Views लगायत अन्य कुराहरुको जाँच गरी प्रथम, दोस्रो र तेस्रो प्रतियोगीहरुको नाम २०८२ बैशाख १५ गते भित्र सार्वजनिक गरिने छ । प्रथम, दोश्रो र तेस्रो हुने प्रतियोगीले यस सम्बन्धी नियम तथा शर्तहरु उल्लंघन गरेको लागेमा मिति २०८२ बैशाख २२ गते भित्र आयोगमा प्रमाण सहित निवेदन दिन सकिने छ । सफल प्रतियोगी लघुचलचित्र उपर कुनै उजुरी नपरेमा बैशाख २३ गते सफल प्रतियोगीको अन्तिम परिणाम आयोगको वेभसाइटमा राखिने छ । उजुरी परेको खण्डमा अध्ययन गरी २०८२ जेठ २ गते अन्तिम परिणाम सार्वजनिक गरिनेछ । ताकिएको मिति भित्र नआएका निवेदन तथा दावी सम्बन्धमा कुनै कारवाही गरिने छैन । लघु चलचित्र प्रतियोगिताका अन्य शर्त तथा नियमहरु पूर्ववत नै रहेका छन त्यसमा कुनै संशोधन गरिएको छैन । स्वीकृतिका लागि हाल सम्म प्राप्त भएका लघु चलचित्रहरुको अध्ययन गरी अपलोडका लागि यथासिघ्र सम्बन्धित प्रतियोगीलाई पठाइनेछ ।

प्रर्बद्धन महाशाखा